# जोरायल गाउँपालिका, डोटीको आ.ब. २०८२/०८३ को बार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम




# कार्यक्रम प्रतिवेदन

सहजीकरण:
गभरनेन्स मिडिया रिसर्च एण्ड ट्रेनिङ्ग ग्रुप (प्रा.लि.) डोटी

आयोजक :
जोरायल गाउँपालिका
राउतकट्टे, डोटी

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

**पृष्ठभूमि :**

हरेक सार्वजनिक निकायले पारदर्शी र जवाफदेही हुन सकेमा मात्र सुशासन कायम हुन सक्छ । अन्यथा सुशासन कायम गर्न समस्या हुन्छ भन्ने कुरालाई ध्याममा राख्दै सरकारले सार्वजनिक निकायहरूलाई अनिवार्य रुपमा सार्वजनिक सुनुवाई गर्नु पर्ने नीतिगत तथा कानूनी व्यवस्था गरेको छ । सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ३० ले सर्वसाधारण तथा सरोकारवालाको कानूनसम्मत सरोकारलाई सम्बोधन गर्न तोकिए बमोजिम सार्वजनिक सुनुवाइ गराउनु पर्ने व्यवस्था गरेको छ । सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १९ ले सार्वजनिक निकायहरुले प्रत्येक चार महिनामा कम्तीमा एक पटक सार्वजनिक सुनुवाई गर्नु पर्ने व्यवस्था गरेको छ । यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) ले स्थानीय तहले सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई जस्ता बिधिहरुको प्रयोग गरि पारदर्शीता कायम गर्नु पर्ने कुरामा जोड दिएको छ । यस्तै स्थानीय तहको सुशासन प्रवर्द्धन रणनीति तथा कार्ययोजना, २०७४ ले स्थानीय तहहरुले आफै कानून वनाई सामाजिक जवाफदेहीताका औजारहरु प्रयोग गर्नु पर्ने कानूनी व्यवस्था गरेको छ ।

यही नीतिगत तथा कानुनी व्यवस्थालाइ कार्यान्वयन गर्न सहज होस् भन्ने उद्देश्यका साथ जोरायल गाउँपालिका, डोटीले सार्वजनिक सुनुवाई कार्यबिधि, २०७८ तयार गरि प्रयोगमा ल्याएको छ । गाउँपालिकाले पारित गरेको कार्यबिधिमा बर्षमा तीन फरक फरक ठाउँमा सार्वजनिक सुनुवाई गर्नु पर्ने व्यवस्था गरेको छ । सो बमोजिम गाउँपालिकाले मिति २०८३/०४/१५ गतेका दिन आर्थिक बर्ष २०८२/०८३ को बार्षिक सार्वजनिक सुनुवाई गाउँपालिकाको केन्द्र राउतकट्टेमा सञ्चालन गरेको थियो । सो सार्वजनिक सुनुवाई कार्यक्रममा भए गरेका कामकारवाहीहरू, गाउँपालिकाका लागि आएका सुझावहरू र गाउँपालिकाले गरेका प्रतिवद्धताहरूको व्यवस्थित रूपमा अभिलेखीकरण गर्ने उद्देश्यका साथ यो प्रतिवेदन तयार गरिएको हो ।

**१. सार्वजनिक सुनुवाईको उद्देश्य :**

- जोरायल गाउँपालिकाले आर्थिक बर्ष २०८२/०८३ मा गरेका काम कारबाहीबारे सेवाग्राही र सरोकारवालाहरूलाई जानकारी गराउने ।
- सेवाग्राहीका गुनासा, प्रश्न, जिज्ञासा र पीरमर्का सुन्ने र त्यसको समाधानका लागि प्रतिवद्धता गर्ने/गराउने ।
- गाउँपालिका र स्थानीयबासी बिचमा मर्यादित, शिष्ट एबं घनिष्ट सम्बन्ध कायम गर्ने ।
- गाउँपालिकालाई थप पारदर्शी र जिम्मेवार वनाउने ।

**२. सार्वजनिक सुनुवाई गर्न सम्पन्न गरिएका क्रियाकलापहरू :**

- गाउँपालिकाले प्रदान गर्ने सेवाहरूसंग सम्वन्धित नीतिगत तथा कानुनी व्यवस्थावारे अध्ययन
- गाउँपालिकाका दस्तावेजहरूको अध्ययन
- बर्हिगमन अभिमत संकलन
- सार्वजनिक सुनुवाई कार्यशाला आयोजना
- प्रतिबेदन तयार

दि.न.पा.-६, डोटी

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

### ३. सार्वजनिक सुनुवाई कार्यक्रम सम्वन्धी बिवरण

**सार्वजनिक सुनुवाईका लागि सूचना प्रवाहका माध्यमहरू**

- गाउँपालिकाको वेवसाइट
- गाउँपालिकाको फेसबुक पेज
- सामुदायिक रेडियो बडीकेदार एफ.एम
- नजर अनलाइन
- अठोट खवर अनलाइन
- माइकिङ

**मिति :** २०८३ साल साउन १५ गते

**स्थान :** जोरायल गाउँपालिका, राउतकट्टे डोटी

**कार्यक्रमको सभाध्यक्षता :** दुर्गादत्त ओझा (गाउँपालिका अध्यक्ष तथा प्रमुख जवाफदेही बक्ता)

**जवाफदेहीबक्ताहरू :**

- जमुना बोहरा (गाउँपालिका उपाध्यक्ष)
- गणेशदत्त भट्ट (प्रमुख प्रशासकीय अधिकृत)
- वडाध्यक्षहरू
- बिषयगत शाखा प्रमुखहरू
- पदमसिंह साउँद (इलाका प्रहरी कार्यालय, जोरायल)

**उदघोषक :** अमृत ओली (अधिकृत/शिक्षा, जोरायल गाउँपालिका)

**सहजीकरण :** रामहरी ओझा (पत्रकार/अधिवक्ता)
: झलकवहादुर पाली (पत्रकार)
: केशवनारायण जोशी (पत्रकार)

**कार्यक्रमको उद्धाटन :** गाउँपालिका अध्यक्षद्वारा व्यानर बाचन गरेर

**कार्यक्रमको उद्देश्यमाथी प्रकाश तथा स्वागत मन्तव्य :** गाउँपालिका उपाध्यक्ष

**सहजीकरण गर्ने संस्था :** गभरनेन्स मिडिया रिसर्च एण्ड ट्रेनिङ्ग ग्रुप (प्रा.लि)

**कार्यक्रममा सहभागिताको क्षेत्र :** गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दलका प्रतिनिधि, सुरक्षा निकायका प्रतिनिधि, नागरिक समाज, गैसस, सञ्चारकर्मी, बालक्लवका प्रतिनिधि लगायत सेवाग्राहीहरू ।

**सहभागी संख्या :** १४२ जना (उपस्थितिको प्रतिलिपी निवेदनसाथ संलग्न छ)

**४. सार्वजनिक सुनुवाई पश्चातको चरण (समिक्षा तथा कार्ययोजना निर्माण चरण) :** यस चरणमा सार्वजनिक सुनुवाई चरणको समीक्षाका साथै उक्त चरणमा आएका जिज्ञासाहरु, गुनासाहरुलाई सम्वोधन गर्नका लागि के गर्न सकिन्छ भन्ने विषयमा छलफल भएको थियो ।

### ५. सार्वजनिक सुनुवाई सम्वन्धी बिस्तृत बिवरण

- गाउँपालिकाले तय गरेको मिति मिति २०८३ /०४ /१५ गते कार्यक्रम सम्पन्न भएको थियो ।

प्रमुख प्रशासकीय अधिकृत

- गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यविधि बमोजिम गाउँपालिकाको कार्यालय र वडा कार्यालयमा सेवा लिएका २२ जना व्यक्तिहरुबाट बर्हिगमन अभिमत र नागरिक प्रतिवेदन पत्र संकलन गरिएको थियो। बहिर्गमन मत र नागरिक प्रतिवेदन पत्रको प्रतिवेदन तयार गरि सार्वजनिक सुनुवाई कार्यक्रममा पेश गरिएको थियो। नागरिक प्रतिबेदन पत्रका लागि गाउँपालिकाका सवै वडाहरूबाट अभिमत लिइएको थियो।
- सार्वजनिक सुनुवाई कार्यक्रममा आर्थिक बर्ष २०८२/०८३ मा गाउँपालिकाबाट प्रदान गरिएका सेवाहरुको बिवरण प्रस्तुत गर्न लगाइएको थियो। त्यसपछि प्रश्नोत्तर कार्यक्रमहरु सञ्चालन गरिएको थियो। सार्वजनिक सुनुवाई पूर्व गरिने बर्हिगमन अभिमत संकलनको नतिजा तयार पारी सो को प्रतिबेदन सार्वजनिक सुनुवाईमा प्रस्तुत गरि सोमाथी छलफल गरिएको थियो। कार्यक्रममा उपस्थित सहभागि र सरोकारवालाहरुका बिचमा दोहोरो सम्बाद गरि साझा सार्वजनिक प्रतिबद्धता गरिएको थियो।
- सार्वजनिक सुनुवाईमा प्रश्नोत्तरको कार्यक्रम सकिएपछि गाउँपालिकाले प्रदान गर्ने सेवालाई आगामी दिनमा थप गुणस्तरीय र प्रभावकारी वनाउनका लागि सहभागिहरूबाट सुझाव संकलन गरिएको थियो।
- सार्वजनिक सुनुवाईका क्रममा भएको सम्वाद र आएका सुझावहरुलाई समावेश गरि यो प्रतिवेदन तयार गरिएको छ।

**६. सार्वजनिक सुनुवाईमा छलफल भएका क्षेत्रहरू :**

क) नीति, कार्यक्रम, बजेट र कार्यान्वयनको अवस्था।
ख) सुशासन
ग) विकास निर्माण
घ) दैनिक प्रशासनिक कार्य
ङ) सेवा प्रवाहको अवस्था
च) लक्षित समुदाय विकास कार्यक्रम
छ) आयआर्जन÷सीप विकास कार्यक्रम

**७. सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका प्रश्न, जिज्ञासा र उत्तर**

| प्रश्नकर्ताको नाम, थर र ठेगाना | सोधिएको प्रश्न | जवाफदेही बक्ताको नाम र पद | दिइएको जवाफ |
|---|---|---|---|
| सोपान साउँद, जोरायल गाउँपालिका-४, डोटी (रा.स्व.पा.) | गाउँपालिकामा आन्तरिक नियन्त्रण प्रणाली किन लागु हुन सकेन ? | गणेशदत्त भट्ट, प्रमुख प्रशासकीय अधिकृत | बिगतमा हामी तयारीकै क्रममा थियौं, चालु आर्थिक बर्षदेखि आन्तरिक नियन्त्रण प्रणाली लागु भइसकेको छ। |
| | कर्मचारीको कार्यसम्पादन कसरी भइरहेको छ ? | | कर्मचारीको कार्यसम्पादन मापनको जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृत भएका कारण मैरै हो। |

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | | | कर्मचारीहरूको कामका आधारमा उनीहरूको मुल्यांकन हुन्छ। |
| | योजनामा वातावरणीय परीक्षण नगरी कसरी कार्यान्वयन हुन्छ ? | | सवै योजनामा बातावरणीय मुल्यांकन हुनै पर्ने भन्ने कानुनी व्यवस्था होइन, जुन जुन योजनामा गर्नु पर्ने हो त्यसमा भइरहेकै छ, बातावरणीय मुल्यांकन गर्ने नाममा हामीले अनावश्यक स्रोत र समय खेर फाल्नु हुँदैन। |
| | सार्वजनिक सम्पत्तिको अभिलेख किन छैन ? | | सार्वजनिक सम्पत्तिको अभिलेख हामीसंग छ, यसलाइ अद्यावधिक गर्न बाँकी छ, यो यस बर्ष गर्छौं। |
| | गाउँपालिकाले योजना बैंक किन वनाएको छैन ? | | गाउँपालिको योजना बैंक छ, हामीले वनाएका छौ। |
| | दिगो विकास लक्ष कार्यान्वयनका लागि किन कार्यविधि वनाइएन ? | दुर्गादत्त ओझा, गाउँपालिका अध्यक्ष | हामीले सञ्चालन गर्ने कार्यक्रमहरू सवै दिगो विकास लक्ष प्राप्तीका लागिनै भइरहेका छन्, विकास योजना निर्माण गर्दा हामी संविधान, ऐन, कानुन र राष्टिय प्राथमिकताका क्षेत्रहरूलाइ ध्यान दिएरै तय गर्छौं। |
| | गाउँपालिकाको अधारभूत अस्पतालको भवन अहिलेसम्म किन वनेन ? | | आधारभूत अस्पतालका लागि २०७८ सालमै गाउँपालिकाले टेण्डर गरेर सम्झौता समेत गरिसकिएको हो। ठेकेदारले काम नगरिदिएर समस्या भएको छ। गाउँपालिकाले पटक पटक |

१.८

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | | | ताकेता गरेको छ। यस पटक हामीले त्यसको डिपिआर समेत परिमार्जन गरेका छौ, अव काम हुन्छ। |
| | अस्पतालमा मेडिकल अधिकृत किन छैन ? | | मेडिकल अधिकृत हुनुहुन्छ, उहाँ केही समयका लागि बिदामा जानु भएको छ । |
| | विकास निर्माणका योजनाहरूको गुणस्तर परीक्षणन नगरि किन भुक्तानी गरिन्छ ? | नरेश भट्ट, गाउँपालिका इन्जिनियर | हरेक योजनाको गुणस्तर परीक्षण गरेर मात्रै योजना पास हुन्छ, त्यसपछि मात्रै भुक्तानी भएको छ। तपाइको जानकारीमा कुनै योजना त्यस्तो छ भने योजनाको नामै भन्नु भयो भने थप कुरा भन्न सकिन्छ । |
| चन्द्र प्रकाश मल्ल, जोरायल गाउँपालिका-१ | गाउँपालिकाले गरेका धेरै कामहरू राम्रा छन् तर जेष्ठ नागरिक सम्मान कार्यक्रम किन सम्वोदन गरिएन ? | दुर्गादत्त ओझा, गाउँपालिका अध्यक्ष | सम्मान निरन्तर रूपमा भइरहेको छ, आगामी दिनहरूमा पनि गरिन्छ। |
| | वडा नं. १ का श्मसान घाटहरूमा मलामीका लागि किन टहरा वनेनन् ? | जगत मल्ल, वडाध्यक्ष वडा नं. १ | टहरा बनिसकेका छन्। |
| जितेन्द्र बेहरा, जोरायल गाउँपालिका-४ | राजनीतिक दललाई सार्वजनिक कार्यक्रममा किन बोलाइएन ? | दुर्गादत्त ओझा, गाउँपालिका अध्यक्ष | सार्वजनिक रूपमा सूचना जारी गरिएको हो, कसैलाई पत्राचार गरिएको होइन। तर तपाइले भन्नु भएको राजनीतिक दललाइ पत्राचार गर्ने कुरा राम्रो सुझाव छ, अर्को पटकदेखि कार्यान्वयन गरिनेछ। |
| | आधारभूत अस्पताल किन बनेन ? यति लामो समयसम्म पनि किन ठेकेदारलाई कारवाही भएन | | यस बिषयमा मैले माथी पनि भनेको छु। ठेकेदारलाई कारवाही गर्ने कुरा पनि कानुनी रूपमा निकै |

१.७
आशा दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | ? | | झण्झटिलो छ, हामीले कारवाही गरे उनीहरू अदालत जान्छन्, फेरी अर्को झमेला हुन्छ । त्यसैले भरसक तिनै ठेकेदारले काम गरिदिउन भन्ने हो, आशा छ, अव गर्छन् होला । |
| | एकै बर्ष १० करोड बेरूजु कसरी घटाइयो ? | | धैरै बेरूजु उपभोक्ता समितिको थियो, त्यसलाई मिलान गरियो । अन्य विल भरपाइहरूलाई पनि नियमति गरियो । |
| खगेन्द्र बि.क. शिक्षक, घण्टेश्वर मा.बि. | गाउँपालिकाको शाखाहरूका कामहरू कानुन बमोजिम किन हुन सकेका छैनन् ? | प्रमुख प्रशासकीय अधिकृत | शाखाहरू कानुन बमोजिम नै गठन हुन्छन् र तिनिहरूको काम पनि कानुन बमोजिमै हुन्छ । तपाइलाइ कुन शाखाको काम कानुन बमोजिम भएको छैन भन्ने लागेको छ, भनिदिनु भएको भए जवाफ दिन सजिलो हुने थियो । |
| | कर्मचारी छनौटमा किन समावेशी भएन ? | गाउँपालिका अध्यक्ष | हामीले समावेशी रूपमै कर्मचारी छनौट गरेका छौ । करार जनशक्ति छनोट कार्यविधिनै वनाएर सोही अनुसार प्राथमिकताका आधारमै जनशक्ति चयन हुन्छ । |
| चन्द्रा साउँद | लैंगिक हिंसा बिरूद्धको १६ दिने अभियानको खर्च कति हो, किन सार्वजनिक भएन ? | जमुना बोहरा, गाउँपालिका उपाध्यक्ष | गाउँपालिकाले प्रत्येक वडामा २० हजार रूपैयाँका दरले रकम पठाएको हो, गाउँपालिकाको खर्चको हिसाव महिला, |

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | | | बालवालिका तथा जेष्ठ नागरिक शाखामा छ, त्यो सार्वजनिक भयो कि भएन भन्ने बुझेर नभएको भए सार्वजनिक गराइनेछ। |
| | मदिरा नियन्त्रण गर्ने जिम्मेवारी कसको हो ? मदिराका कारण महिलाहरूले दिउसै हिड्न समेत गारो भयो। | गाउँपालिका अध्यक्ष | मदिराको इजाजत दिने अधिकार कोष तथा लेखा नियन्त्रण कार्यालयलाइ छ, गाउँपालिकालाइ छैन। सवैले छलफल गरेर मदिरा वन्द गर्ने निर्णय भयो भने हामी त्यसका लागि सिफारिस गर्न तयार छौं। |
| | धान दिवसमा अनावश्यक रकम किन खर्च गरिन्छ ? | | धान दिवस मनाउने भनि सरकारले केही रकम बिनियोजन गरेको हुन्छ, यो देशैभरीका पालिकाहरूले मनाइरहेका छन्। हामीले जोराइले बासमतीको प्रवर्धन गर्नका लागि धान दिवस मनाइरहेको छौं। |
| | पशु सेवा शाखाको काम किन प्रभावकारी भएन ? रेविज बिरूद्धको खोप किन आएन | सुरूत बादी, शाखा प्रमुख | पशु सेवा शाखाले गाउँगाउँमै गएर सेवा दिइरहेको छ। प्रश्नकर्ता स्वंयले पनि सेवा प्राप्त गर्नु भएको छ। रेविज बिरूद्धको खोप हामीसंग अहिले पनि मौज्दात छ तर त्यो खोप तापक्रम व्यवस्थापनका हिसावले घरघरमै गएर लाउन सकिने अवस्था छैन। |
| | महिलाहरूले काम गरेको ज्याला किन पाएनन् ? | गाउँपालिका उपाध्यक्ष | ज्याला सवैले पाउनु पर्छ, हामीसंग कसैले पनि ज्याला नपाएको गुनासो गरेका |

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | | | छैनन्। यदि कसैले जानकारी दिएछन् भने आवश्यक कारवाही अघि बढाइनेछ। |
| | देउथला बनमोला सडकको वजेट किन फ्रिज भयो ? | नरेश भट्ट, इन्जिनियर | ठेकेदारले योजनाको इस्टिमेट अनुसार काम नगरेका कारण उक्त वजेट फिज भएको हो। जति काम भएको छ, त्यसको मुल्यांकन गर्दा सोही अनुसारको भुक्तानी दिइएको हो। |
| यसौदा मल्ल, सामाजिक अभियन्ता | सार्वजनिक निकायहरू वरवर मदिराको कारोवार गर्न पाइदैन भन्ने सुनेको छु तर संगै जोडिएको पसलमा पनि मदिरा बिक्री बितरण भइरहेको छ, किन ? | गाउँपालिका अध्यक्ष | यसमा जिल्ला प्रशासन, प्रहरी, कोष तथा लेखा नियन्त्रण कार्यालय ध्यान दिनु पर्ने हो। उहाँहरूसंग समन्वय गरेर हामी अनुगमन गर्छौं। |
| | | नविन ओझा, वडाध्यक्ष, वडा नं. ३ | जिल्ला प्रशासन कार्यालयको गेटमै रहेको होटलमा मदिरा छ, यति टाढाको त के कुरा गर्नु र ! वडा नं. ३ बाट मदिरा पसलको इजाजतका लागि सिफारिस दिने कुरामा कडाइ गरेको छ। टोलका सवै मान्छेहरूको मञ्जुरी ल्याएपछि मात्रै हामी सिफारिस दिन्छौं। यो सवैले प्रयास गरेपछि मात्रै बन्द हुने हो। |
| | मदिरा सेवन गरेर अश्लिल शव्दहरू प्रयोग गर्दै बाटोमा हिड्छन्। प्रहरीलाइ खवर | पदम सिं साउँद प्रहरी नायव निरीक्षक, इलाका प्रहरी कार्यालय, जोरायल | पहिले के के भयो थाह भएन, तर म आइसकेपछि मैले कुनै सुचना आउने |

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | गर्दा पनि वास्ता गर्दैनन् | | बित्तिकै प्रहरी परिचालन गरिरहेको छु । कतिपय ठाउँमा त म आफै पनि पुगेको छु । यहाँहरूले जानकारी गराइदिनु होला हामी तुरून्तै पुग्छौं । |
| | जोरायलका केही बिद्यालयहरू पानी परेपनि बन्द हुने, शिक्षकको जन्मदिन मनाउनका लागि पनि बन्द हुने अवस्था किन छ ? | अमृत ओली, शिक्षा शाखा | बिद्यालय बर्षमा २२० दिन खुल्नै पर्ने नियम छ । बिद्यालयमा जन्मदिन मनाउने, पानी पर्दैमा बिदा दिने भन्ने हुँदैन । त्यस्तो कुन बिद्यालयमा भएको छ, नामै समेत भनिदिनु भयो भने कारवाही गर्न सजिलो हुने थियो । |
| | मदिरा खाएको शिक्षकको भिडियो सार्वजनिक हुँदा पनि किन कारवाही भएन ? | | यो भिडियोको बिषयमा हामीलाइ कसैले पनि जानकारी दिएनन् । कसैसंग छ भने उपलब्ध गराइदिनु हेला । |
| डिलमाया मल्ल, महिला स्वास्थ्य स्वयंसेविका | महिला स्वास्थ्य स्वयंसेविकाले पाउने निःशुल्क स्वास्थ्य बिमा किन काटियो ? अव गाउँपालिकाले केही गर्न सक्छ कि ? | गोविन्द बिष्ट, स्वास्थ्य शाखा प्रमुख | पहिले नेपाल सरकारले शत प्रतिशत निःशुल्क गरेको थियो, यस बर्षदेखि ५० प्रतिशत मात्रै निःशुल्क हुने व्यवस्था गरेको छ, यस बिषयमा अहिले कुनै जानकारी आएको छैन । |
| | | गाउँपालिका अध्यक्ष | पहिलेको सरकारले शत प्रतिशत निःशुल्क गरेको थियो, नयाँ सरकारले नयाँ नियम लागु गर्यो । अव यसमा गाउँपालिकाको तर्फबाट के के हुन्छ, हामी |

गणतन्त्र मिडिया रिसर्च एण्ड ट्रेनिङ ग्रुप प्रा.लि. दि.शि.न.पा.-६, डोटी

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | | | सल्लाह गरेर योजना वनाउँछौं, भरसक महिला स्वास्थ्य स्वयंसेविका दिदिबहिनीहरूलाइ निःशुल्क स्वास्थ्य बिमा सुविधा पाउन व्यवस्था मिलाउँछौं । |
| | देउडा संस्कृतिको संरक्षण गर्नका लागि किन वजेट बिनियोजन भएन ? | | यस बर्ष कला संस्कृतिको संरक्षण गर्ने भनेर बजेट बिनियोजन गरिएको छ । त्यसैमा देउडाका लागि पनि राखिएको छ, यस बर्ष सम्वोदन हुन्छ । |
| केशव नेपाली, जोरायल गाउँपालिका-३ (एमाले प्रतिलिधि) | बुडर जोरायल सडक यति लामो समयसम्म पनि किन कालोपत्रे हुन सकेन ? | गाउँपलिका अध्यक्ष | यो सडक प्रदेश सरकार अन्तरगतको वजेटबाट कालोपत्रे भइरहेको हो । यस बिषयमा प्रदेश मुख्यमन्त्री, भौतिक पूर्वाधार मन्त्री, प्रदेश पूर्वाधार कार्यालय सवै ठाउँमा दवाव दिने काम भइरहेको छ । अव काम हुने आशा छ । |
| | व्यक्तिका कारण अवरूद्ध भएका सडकहरू कहिले खुल्छन् ? | | सहमति भएको छ, कार्यान्वयन हुन्छ । |
| | दिर्घरोगीहरूका लागि आउने उपचार खर्च मासिक रूपमा दिन मिल्दैन ? | गोविन्द बिष्ट, स्वास्थ्य शाखा | त्यो संघीय सरकारको अनुदान भएका कारण उताबाट जसरी निकासा हुन्छ, त्यसरीनै बितरण गर्नु पर्ने हुन्छ । गाउँपालिकाले यसमा केही गर्न सक्ने अवस्था छैन । |
| निराजन बिष्ट, रा.स्व.पा. गाउँ समिति सभापति | महालेखापरीक्षकको कार्यालयले नीजि बिद्यालयको राजश्व बे... | निर्मल भाट, राजश्व शाखा | त्यो रकम गाउँपालिकाको खातामा जानु पर्ने ठाउँमा कोष तथा लेखा नियन्त्रण |

दि.सि.न.पा.-६, डोटी

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | देखिएको छ, किन असुल भएन ? | | कार्यालयको खातामा पेश भएको रहेछ । |
| | घरको नक्सा पास गरेको राजश्व किन जम्मा भएन ? | | उक्त राजश्व जम्मा भइसकेको छ । |
| | गड्सेरामा बिद्युत लाइन किन बिस्तार भएन, स्थानीय जलबिद्युत आयोजना किन बर्षेनी मर्मत गर्नु पर्छ ? | गाउँपालिका अध्यक्ष | गड्सेरामा बिद्युतीकरणका लागि राष्टिय प्रशारण लाइनको ठेक्का भइसकेको छ । केही सामान पनि आइसकेको छ, अव काम सुरू हुन्छ हो । स्थानीय जलबिद्धुत आयोजनाको आवश्यकता अनुसार मर्मत भइरहेको छ । |
| नरेन्द्र बि.क., सम विकास केन्द्र | स्थानीय सरकार सञ्चालन ऐनको दफा १३ अनुसार किन श्रमिकको न्यूनतम् ज्याला तोकिएन ? | गाउँपालिका उपाध्यक्ष | जिल्ला दररेट अनुसारनै भइरहेको हुँदा तोकिएको छैन । अव तोक्छौं । |
| | बुडरको छहरामा काम गरेको ज्याला श्रमिक महिलाहरूले अहिलेसम्म पनि पाएका छैनन्, यसको बिषयमा के हुन्छ ? | | ज्याला नपाएको बिषयमा हामीलाइ कसैले पनि सूचना दिएका छैनन्, काम गरेको ज्याला पनाएको बिषयमा न्यायिक समितिमा उजुरी दिन सकिने व्यवस्था छ । उजुरी आए हामी छानविन गर्छौं । |
| | सामुदायिक बिद्यालयले अहिले पनि ज्याला लिइरहेका छन् । यसको किन अनुगमन हुँदैन ? | अमृत ओली, शिक्षा शाखा | कुन बिद्यालयले, के बिषयमा ज्याला लिएका छन् ? बिस्तृत जानकारी आए हामी कारवाही गर्छौं । |

**८. गत सार्वजनिक सुनुवाइबाट आएका सुझावहरूको कार्यान्वयनको अवस्था :**

| | |
|---|---|
| राजश्व लक्ष्य अनुसार संकलनमा जोड दिनुपर्ने । | प्रयासरत छौं । |
| कृषि संकलन केन्द्र र कोल्ड स्टोर निर्माण गरिनुपर्ने । | प्रक्रियामा छ |
| वृक्षारोपण गरिनुपर्ने । | भएको |

| | |
|---|---|
| पालिकाको आन्तरिक श्रोत खोज्नुपर्ने। | प्रयासरत |
| विषयगत शाखाको अनुगमनमा कडाई गरिनुपर्ने। | अनुगमन नियमित भइरहेको छ |
| जग्गाधनीको शेषपछि नागरिकता नभई मालपोत कर तिर्न नपाएको। | सम्वन्धित निकायलाइ खवर गरिएको |
| वडा नं. ५ र ६ को हकमा नेटको समस्याका कारण वडाबाट हुने कार्यसम्पादन प्रभावित भएको। | केही सुधार भएको |
| राष्ट्रिय र प्रादेशिक योजना अन्तरगर्तका विकास निर्माणका कार्यहरुमा ढिलासुस्ती भैरहेको। | यसमा निरन्तर दवाव दिने काम भइरहेको |
| लक्षित वर्गका लागि सञ्चालन हुने कार्यक्रममा नयाँपन ल्याउनुपर्ने। | भएको |
| असारे योजनाहरुलाई निरुस्ताहित गर्नुपर्ने। | यसमा सुधार हुन नसकेको |
| योजनाको अनुगमन प्रभावकारी हुनुपर्ने। | भएको |
| राजश्वमा हेरफेर गर्नुपर्ने र करदाताहरुका लागि सहुलियत प्रदान गर्नुपर्ने। | हुन नसकेको |
| सडक र विद्युत नियमित सञ्चालन हुनुपर्ने। | भइरहेको |
| सार्वजनिक शौचालय, खानेपानी र फोहरमैला व्यवस्थापनको दिगो रणनीति तयार गर्नुपर्ने। | हुन नसकेको |
| टोल भेलाबाट छनौट भएका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने। | भएको |
| छतिवन छहरा झरना लगायत धार्मिक पर्यटकीय क्षेत्रको संरक्षण, विकास र प्रचारप्रसार योजना तयार गर्नुपर्ने। | भइरहेको |
| बालअधिकार संरक्षण बालमैत्री गाउँपालिका रणनीति बनाउनुपर्ने। | नभएको |
| बालबिवाह र घरेलु हिंसा अन्त्यका क्रियाकलाप गर्नुपर्ने। | भइरहेको |
| घण्टेश्वर माविको खेल मैदान निर्माण कार्य छिटो सम्पन्न गर्नुपर्ने | भइरहेंको |
| विपद् पूर्वतयारी र सुरक्षित बसोबास व्यवस्थापन गर्नुपर्ने। | नभएको |
| युवा लक्षित स्वरोजगार कार्यक्रम सञ्चालन गर्नुपर्ने। | भएको |
| पशु र कृषिको बुडरमा रहेको कार्यालयमा न्यून बजेट रहेकोले वृद्धि गरिनुपर्ने। | केही सुधार भएको |
| स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार सुधार र उपकरणको प्रबन्ध मिलाउनुपर्ने। | भइरहेको |
| कृषि विमा र स्वास्थ्य विमा प्रभावकारी बनाउनुपर्ने। | नभएको |
| व्यवसायिक कृषकहरुका लागि ठोस कार्यक्रम संञ्चालन गरिनुपर्ने। | भएको |

| | |
|---|---|
| स्थानीय उत्पादनलाई प्राथमिकता, कृषि पाठशाला र रोग किरा व्यवस्थापन गरिनुपर्ने । | भइरहको |
| किसान सूचीकरण, बिउँ उत्पादन र भण्डारण, कृषि उपज बजारीकरणमा जोड दिनुपर्ने । | किसान सूचीकरण भएको |

**९. नागरिक प्रतिवेदनमा संलग्न गराइएका व्यक्तिहरूको संख्या**

| दलित | | जनजाती | | अन्य | | जम्मा |
|---|---|---|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| | १ | | १ | ७ | १३ | २२ |

**१०. सहभागिहरुबाट आएका गाउँपालिकाका राम्रा पक्षहरु :**

- कर्मचारीको व्यवहारमा पहिलेको भन्दा सुधार आएको छ।
- पहिलोको भन्दा सेवाग्राहीलाई सजिलो भएको छ।
- सेवा सुविधा प्राप्त गर्नमा सहज भएको छ।
- जनप्रतिनिधि र कर्मचारीहरुले हाम्रो समस्यालाई बुझेर काम गरिदिने गरेका छन्।
- युवाहरुका लागि क्षमता विकास कार्यक्रम सञ्चालन भएका छन्
- उपभोक्ता समितिमा समान प्रतिनिधित्व भएको छ.।
- कानुनी जानकारी सम्वन्धि तालिम सञ्चालन भएका छन्।
- पर्यटकीय विकास र प्रवर्द्धनको क्षेत्रमा काम भएको छ।
- कला संस्कृतिको संरक्षण र जगेर्ना गर्ने कार्य भएको छ।
- कृषि उत्पादनमा बृद्धि भएको छ।

**११. यस सार्वजनिक सुनुवाईको क्रममा नागरिक अभिमतबाट आएका गुनासाहरू**

- योजना फछ्र्यौट गर्दा र भुक्तानी गर्दा सेवाग्राहीबाट केही रकम कमिसन माग्ने गरेका छन्।
- काम गर्ने क्रममा अनावश्यक कानुनी झण्झट हुने गरेको छ।
- लामो समयसम्म पनि बुडर जोरायल सडकको काम हुन सकेको छैन।
- चन्कट्टे अस्पतालको काम अझै हुन सकेको छैन।
- गाउँपालिकाले आवश्यकता भन्दा बढी भनसुनका आधारमा योजना बाँड्ने गरेको छ।
- १ नं. वडा कार्यालयको बिषयमा व्यापक जनगुनासो छ।

**१२. सुझावहरु**

- प्रत्येक योजनाको योजना कितावं वनाउनु पर्ने (मुकुन्द पन्त)
- कन्टेन्जेन्सी रकम ४% बढी भयो, यसलाई घटाउनु पर्ने।
- जनश्रमदान २०% बाट घटाउनु पर्ने

१.९
गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

- बिद्यालयमा संघ र गाउँपालिकाबाट आउने शिक्षकको तलव दुई पटक अडिट हुने गरेको छ, पालिकामा पनि बिद्यालयमा पनि, यसलाई एक ठाउँ मात्रै अडिट हुने व्यवस्था गरिनु पर्ने।
- प्रधानाध्यापकको कार्यबोझ कम गरी उनीहरुलाई पनि पढाउने व्यवस्था मिलाउनु पर्ने।
- कुनै कर्मचारीले नियमित **TO** पाउने कसैले पाउँदै नपाउने व्यवस्थाको अन्त्य गर्नु पर्ने।
- पालिका अस्पताल छिटो निर्माण हुनु पर्ने।
- सेवाग्राहीहरुलाई समान व्यवहार गर्नु पर्ने। (कार्यालयको गुणस्तर मापन पुस्तिका)
- गाईबस्तु बिरामी हुँदा घरमै गएर उपचार गर्ने व्यवस्था मिलाई दिनु पर्ने।
- कृषि बिउभिजन सवैलाई समान तरिकाले बितरण गर्नु पर्ने।

**१३. गाउँपालिकाको सेवाग्राहीको गुणस्तर मापन पुस्तिकाबाट आएका गुनासा**

- अन्य बिभिन्न फाँटहरुमा काम राम्रोसंग अगाडी बढिरहेको छ तर लेखा फाँटमा बिना कारण सेवाग्राहीलाई अल्झाई राख्ने, आज हुन्छ भोली हुन्छ, तपाईको काम भईसक्यो भन्ने तर खातामा पैसा जम्मा नगरिदिंदा धेरै समस्या छ। टाढादेखि आउनु पर्ने, फेरी बैठकमा छु, साझँ पैसा गरिदिने जस्ता अनेक वहाना वनाउने समस्या देखियो। लेखा फाँटमा धेरै पटक फोन गर्दा पनि नउठाउने, झर्केर बोल्ने समस्या देखिएको छ। यसको समयमै निराकरणका उपाय अपनाउनु पर्‍यो।
- काममा तिब्रता दिनु पर्ने
- बिगतको भन्दा राम्रो भएको, कर्मचारीहरुले समान व्यवहार गर्ने गरेको जस्ता प्रतिक्रिया दिएका छन्।

रामहरि ओझा
प्रतिवेदक

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

# अनूचीहरू

अनुसूची-१ : केही फोटोहरू


कार्यक्रमको सहजीकरण


कार्यक्रमको सहजीकरण


कार्यक्रममा स्वागत मन्तव्य राख्नु हुँदै उपाध्यक्ष


कार्यक्रमको उदघोषण गर्नु हुँदै अमृत ओली

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत




कार्यक्रमको उदघाटन गर्नु हुँदै अध्यक्ष



कार्यक्रममा सहभागिहरू

गणतन्त्र मिडिया रिसर्च एण्ड ट्रेनिङ ग्रुप प्रा.लि. ★ दि.सि.न.पा.-६, डोटी ★

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत



कार्यक्रमका लागि सूचना प्रवाह गर्न माइकिङ



नागरिक प्रतिवेदन पत्रमा आफ्नो अभिमत राख्ने स्थानीय

मिडिया रिसर्च एण्ड ट्रेनिङ ग्रुप प्रा.लि. डोटी

७.८
प्रमुख प्रशासकीय अधिकृत

**अनुसूची-२ : कार्यक्रम सम्वन्धी समाचारका लिंक**

महिलाहरुको प्रश्न : मदिरा नियन्त्रण गर्ने कसले हो ? – Muluk News

मदिराले महिला असुरक्षित छन्, नियन्त्रण गर्ने को ? - Najar Online

जोरायल गाउँपालिकाको वार्षिक सार्वजनिक सुनुवाइ सम्पन्न, सेवा प्रवाहप्रति जनप्रतिनिधि र कर्मचारीको जवाफदेहिता प्रस्तुत

मदिराले महिला असुरक्षित छन्, नियन्त्रण गर्ने को ?

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-३ : बहिर्गमन अभिमत प्रतिवेदन

# जोरायल गाउँपालिका, डोटी

आर्थिक वर्ष २०८२/०८३ को तेश्रो चौमासिक (वार्षिक) सार्वजनिक सुनुवाई कार्यक्रमका लागि सेवाग्राही र सरोकारवालाहरुसंग अभिमत संकलन गरि तयार गरिएको

## बहिर्गमन अभिमत (Exit Poll) प्रतिवेदन

बहिर्गमन अभिमतमा संलग्न व्यक्तिहरुको संख्या :

| दलित | | जनजाति | | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष | | महिला | पुरुष | महिला | पुरुष |
| १ | १ | | २ | | ८ | १० | ९ | १३ |

१. यस कार्यालयको काममा मात्र आउनु भएको हो वा अन्य कामको लागि पनि ?
यस कार्यालयको काममा मात्र (१४) अन्य कार्यालयमा पनि जानु छ (८)
२) कार्यालयमा देहायको कुन कामको लागि आउनु भएको हो ?
क) सिफारिस लिन/पुऱ्याउन (८)
ख) दर्ता/नवीकरण (८)
ग) आर्थिक सहयोग लिन (३)
घ) योजना माग गर्न (३)
ङ) योजनाको किस्ता लिन (०)
च) सूचनामूलक सामग्री प्राप्त गर्न (५)
छ) कृषिमा बिउभिजन माग गर्न (२)
ज) पशु सेवा कार्यालयमा औषधी लिन (३)
झ) कृषिमा किटनासक बिषादी लिन (१)
३. तलको कुराहरुमा तपाईलाई कत्तिको जानकारी भयो ?

| सि. नं. | सेवाको नाम | मुल्याङ्कन (उपयुक्त कोष्ठमा रेजा लगाउने) | | |
|---|---|---|---|---|
| | | अति स्पष्ट | ठिकै | अस्पष्ट |
| १. | सेवा लिन को संग सम्पर्क गर्नु पर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो ? | अति स्पष्ट (१४) | ठिकै (८) | अस्पष्ट (०) |
| २. | सेवा प्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ? | अति धेरै (८) | ठिकै (१४) | थोरै (०) |
| ३. | तपाईप्रति सेवा प्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | मिलनसार र मैत्रीपूर्ण १६ | ठिकै (५) | अभद्र/अमर्यादित (१) |
| ४. | सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण-कागजात र शुल्क-दस्तुर) बारे | अति स्पष्ट (११) | ठिकै (११) | अलमल हुने गरी अस्पष्ट सूचना दिए (०) |
| ५. | तपाईले राख्नु भएका समस्यालाई के-कस्तो समाधान दिए ? | अति सजिलो तरिकाबाट समाधान दिए (१२) | ठिकै (१०) | समाधान दिन सकेनन् (०) |
| ६. | सेवा प्राप्त गर्न अपनाईएको प्रक्रिया के-कस्तो लाग्यो ? | अति सजिलो (छोटो) (१०) | ठिकै (१२) | लामो र झण्झटिलो (१) |

१.७
गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-४ : नागरिक प्रतिवेदन पत्र

# जोरायल गाउँपालिका, डोटी

आर्थिक वर्ष २०८२/०८३ को बार्षिक सार्वजनिक सुनुवाई कार्यक्रमका लागि सेवाग्राही र सरोकारवालाहरुसंग अभिमत संकलन गरि तयार गरिएको नागरिक प्रतिवेदन पत्र

नागरिक प्रतिवेदन पत्रमा सहभागिहरुको संख्यातग बिवरण

| दलित | | जनजाती | | अन्य | | जम्मा |
|---|---|---|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| | १ | | १ | ७ | १३ | २२ |

**भाग १**

**१. सेवाको सन्तुष्टि**

१.१ तपाइँले यस कार्यालयबाट समग्रमा कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट ( १३ ) ठीकै -९ ) असन्तुष्ट (०)

१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट (१२) ठीकै (९) असन्तुष्ट (१)

**२. सेवाको नियमितता**

२.१ नागरिक बडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समयप्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट (११) ठीकै (११) असन्तुष्ट (०)

२.२ कार्यालय नियमित रुपमा (पाधिकारी र कर्मचारीको उपस्थिति, समय पालना, कार्यचुस्तता) सञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ?

विश्वस्त (१२) ठीकै (१०) अविश्वस्त (०)

२.३ तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?

तिरेको छैन (१७) एकदमै कम (३) धेरै तिरेको (२)

२.४ यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसत कति दिन लगाउने गरेको छ ?

१ दिन (११) २ दिन (६) धेरै दिन (५)

**३. सेवाप्रतिको जनविश्वास**

३.१ यस संस्थाले दिने सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?

विश्वस्त (११) ठीकै (११) अविश्वस्त (०)

३.२ यस कार्यालयले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी गराई कत्तिको प्रचार गर्नु भएको छ ?

धेरै (८) ठीकै (१०) गरेको छैन (४)

३.३ यस संस्थामा कार्यरत कर्मचारीप्रति तपाईको विश्वास कत्तिको छ ?

धेरै (४) ठीकै (१७) विश्वास छैन (१)

३.४ यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?

छ (१७) छैन (१) अलिअलि थाहा छ (४)

**४. सेवाको गुणस्तर**

४.१ यस कार्यालयबाट सेवा लिंदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट (१७) कम सन्तुष्ट (५) असन्तुष्ट (०)

४.२ तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ?

आफै (१८) गाउँका ठूलाबडाको (२) मध्यस्थकर्ता (१) प्रतिक्रिया नदिने (१)

४.३ यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पर्‍यो ?

१ पटक (१५) २ पटक (१) सो भन्दा वढी (५) कहिलेकाँही समय लाग्छ (१)

**५. सेवा सम्बन्धी जानकारी**

५.१ कार्यालयको भौतिक अवस्था कस्तो छ ?

अति राम्रो (१०) ठीकै (१२) नराम्रो (०)

५.२ कार्यालयमा भएको नागरिक बडापत्र बारे तपाईलाइ जानकारी छ ?

छ (१३) आंशिक जानकारी छ (६) कुनै जानकारी छैन (३)

५.३ कार्यालय र सेवाग्रही बीचको सम्बन्ध कस्तो छ ?

अति राम्रो (७) ठीकै (१४) खासै राम्रो छैन (१)

५.४ सञ्चालन गरिने सार्वजनिक कार्यक्रममा सिमान्त वर्गको उपस्थिति कति प्रतिशतसम्म हुने गरेको छ ?

२० प्रतिशत जति (९) ५० प्रतिशत भन्दा माथि (१०) थाहा छैन (३)

५.५ सभाबाट कानुन वनाउँदा र कार्यपालिकामा नीति, नियम, निर्देशिका र मापदण्ड तर्जुमा गर्दा छलफलमा प्रतिनिधित्व हुने गरेको छ ?

१.२

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

छ (१०) ठिकै (८) प्रतिनिधित्व साह्रै कम हुन्छ (४)

**६. नागरिक बडापत्र/उजुरी पेटिका/गुनासो सुन्ने अधिकारी सम्बन्धमा**

६.१ तपाईको विचारमा सेवाग्राहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ?

धेरै (९) कम (९) गरेको छैन (३)

६.२ तपाईको विचारमा सेवाप्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ?

धेरै (४) ठीकै (१२) अति कम (६)

६.३ तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ?

धेरै भएको छ (४) ठीकै भएको छ (९) भएकै छैन (९)

## भाग–२

**१. सिफारिस सम्बन्धी**

१.१ सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनु भयो ?

पाएँ (१८) ठीकै पाएँ (२) स्पष्ट पाइँन (२)

१.२ कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनु पर्‍यो?

दिएँ (३) थोरै दिएँ (३) मागिएन र दिइएन पनि (१६)

१.३ त्यहाँबाट दिने सिफारिस लिंदा कसको सहयोग लिनुभयो ?

आफैं (१७) मध्यस्थकर्ता वा कार्यालयकै मान्छे (२) नेता /ठूलाबडा (३)

१.४ राजश्व को–को संग उठाउने गर्छन् ?

सवैसंग (१८) सिमित व्यक्तिसंग मात्र उठाउँछन (३) आयको आधारमा उठाउँछन्र (१)

१.५ शुल्क सेवा दस्तुर को–कोसंग उठाउने गर्छन् ?

सवै सेवाग्राहीसंग उपठाउने गरेका छन् (२१) कसै कसैसंग मात्र उठाउने गरेका छन्

**२. पूर्वाधार विकास, वातावरण र सरसफाई सम्बन्धी**

२.१ कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?

राम्रो (१५) ठीकै (७) खराब (०)

रिसर्च एण्ड ट्रेनिङ ग्रुप प्रा.लि. दि.सि.न.पा.-६, डोटी

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

२.२ कार्यालयमा सेवा प्रवाह र कार्यसम्पादन सम्वन्धी गुनासो गर्दा त्यसमाथी कारवाही कत्तिको हुन्छ ?

तुरुन्तै हुन्छ (१७) पटक पटक भनेपछि मात्रै हुन्छ (४) अहिलेसम्म थाह छैन (१)

२.३ तपाईको विचारमा गाउँपालिकाले पूर्वाधार सम्वन्धी कार्यक्रम के कस्तो किसिमले गर्छ ?

नियमित र राम्रो (११) ठिकै गर्छ (९) नियमित रुपमा गर्दैन (२)

२.४. तपाईको गाउँपालिकामा विकास निर्माणको स्थिति कस्तो छ ?

राम्रो (९) ठीकै (१२) खराब (१)

२.५ तपाईको गाउँपालिकामा सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन् ?

प्रभावकारी छन् (११) ठीकै छन् (१०) प्रभावकारी छैनन् (१)

२.६ गाउँपालिकामा योजनाको बिल भुक्तानी दिने व्यवस्था कस्तो छ ?

सहज (९) सहज (१) ठीकै (१०) अप्ठयारो (२)

२.७ गाउँपालिकाले सञ्चालन गरेको योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?

पर्दैन (१८) मागेरै लिन्छन् (२) रकम नदिए अप्ठ्यारो पार्छन् (२)

२.८ योजना सञ्चालन गर्दा प्राविधिक सहयोग कत्तिको पाउनु भयो ?

सजिलै पाइयो (१५) कहिले काँही पाइयो (७) माग गर्दा पनि पाइएन (०)

२.९ गाउँपालिकाको कार्यालयबाट विकास निर्माणका बारेमा जानकारी माग्दा पाउनु हुन्छ ?

सजिलै पाइन्छ (११) सोधेपछि पाइन्छ (१०) सोधे पनि पाइदैन (१)

२.१०. गाउँपालिकाका पदाधिकारी र कर्मचारीहरुबाट आचार संहिता पालना भएको छ ?

भएको छ (१२) ठिकै पालना भएको छ (९) कत्ति पनि पालना भएको छैन (१)

२.११ योजना सञ्चालन गर्दा गाउँपालिकावाट कत्तिको सहयोग पाउनु भएको छ ?

धेरै सहयोग पाएको छु (३) ठीकै सहयोग पाएको छु (१९) निरुत्साहित गरिन्छ (०)

**३. गाउँपालिकाको बित्तीय व्यवस्थापन र कार्यसम्पादन**

३.१ गाउँपालिकाको आर्थिक स्रोत कस्तो छ ?

आवश्यक स्रोत उपलव्ध छ (१५) कम स्रोत उपलव्ध छ (७) अति कम स्रोत उपलव्ध छ (०)

३.२ काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?

अति सरल (५) ठिकै (१६) जटिल (१)

३.३. कार्यालयमा भएका कर्मचारीमा बित्त व्यवस्थापनमा परिचालन सीप कस्तो छ ?

आवश्यक सीप छ (१८) आवश्यकता भन्दा कम छ (४) सीप निकै कम छ (०)

३.४ गाउँपालिकाको आम्दानी र खर्च कार्यालय बाहिर सूचना पाटीमा टाँसेको देख्नुभयो ?

टाँसेको देखेको छु (१४) कहिले काँही टाँसेको देखिन्छ (५) खै कतै देखिएन (३)

३.५ कार्य सम्पन्नको आधारमा मूल्यांकन भएको छ कि छैन ?

छ (१३) ठीकै मूल्यांकन हुने गरेको छ (६) कहिले पनि भएको थाहा छैन (३)

३.६ वर्तमान् कार्य सञ्चालन संरचनाप्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट (४) ठीकै (१८) कुनै जानकारी छैन (०)

**४. पारदर्शिता सम्वन्धी**

४.१ यस गाउँपालिकाको बार्षिक नीति कार्यक्रम र स्रोतका वारेमा जानकारी पाउनु भएको छ ?

धेरै जानकारी पाएको छु (४) ठिकै जानकारी पाएको छु (१६) कम जानकारी पाएको छु (२)

४.२ गाउँपालिकाले निर्माण गरेका ऐन नियम नीति निर्णय वजेट कार्यक्रम कार्यप्रगति आदि सम्वन्धी बिवरण सार्वजनिक हुने गर्दछ ?

हुने गरेको छ (२०) हुने गरेको छैन (२)

४.३. सार्वजनिक हुने माध्यम के के हुन् ?

वेवसाईट (९) सूचना पाटी (९) पत्रपत्रिका र मिडिया (११) सार्वजनिक सुनुवाई (१३)

४.४ गाउँपालिकाको कार्यालयबाट तपाईले चाहेको विवरण पाउनु भएको छ ?

सहजै पाएँ (१६) धेरै पटक भनेपछि पाएँ (३) पाएन (१) वास्ता नै गरिएन (२)